# बन्दिपुर गाउँपालिका

# बन्दिपुर राजपत्र

## बन्दिपुर गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः ५ संख्याः ८ मितिः २०७८/०७/२८**

## भाग २

बन्दिपुर गाउँपालिका

गाउँ कार्यपालिका कार्यालयको सुचना

# बन्दिपुर गाउँपालिकाको बाल अधिकार समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७८

**प्रस्तावनाः** बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन २०७७ को दफा ६ को उपदफा (क) बमोजिम बाल अधिकारको संरक्षण र सम्बर्धनका लागि वाञ्छनीय भएकोले स्थानिय सरकार सञ्चलन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी बन्दीपुर गाउँपालिका, गाउँ कार्यपालिकाको ९३औं बैठकले यो कार्यविधि बनाई लागु गरेको छ।

## परिच्छेद (१)

**१. संक्षिप्त नाम  प्ररम्भः**

क) यस कार्यविधिको नाम “बालअधिकार समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि ,२०७८” रहेको छ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२.परिभाषाः विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क) “ऐन” भन्नाले बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन २०७७ सम्झनुपर्दछ ।

ख) “मन्त्रालय” भन्नाले नेपाल सरकारको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

ग) “प्रदेश मन्त्रालय” भन्नाले गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनुपर्छ।

घ) “गाउँपालिका” भन्नाले बन्दीपुर गाउँपालिका सम्झनुपर्छ।

ङ) “बाल कल्याण अधिकारी भन्नाले” बालबालिकाको अधिकार व्यवस्थित गर्ने ऐन २०७७ को उपदफा ६ (१) ले ब्यवस्था गरेको सदस्य सचिव नियुक्त भएको वा तोकिएको अधिकारी सम्झनुपर्दछ।

च) “समिति भन्नाले” बालबालिका सम्बन्धी ऐन,२०७५को उपदफा (२)तथा यस कार्यविधिको दफा ३ तथा ५ बमोजिमको स्थानिय बालअधिकार समिति सम्झनुपर्दछ।

छ)”स्थानीय बाल अधिकार समिति” भन्नाले बन्दिपुर गाउँपालिकाको गाउँ बाल अधिकार समिति सम्झनुपर्छ।

## परिच्छेद (२)

## समिति गठन

**३. गाउँ बाल अधिकार समितिको गठनः**

(१)बालबालिकाको अधिकार तथा हकहितको संरक्षण र संम्वर्धन गर्न नगरपालिकामा देहाय बमोजिमको गाउँ बाल अधिकार समिति रहनेछ।

| | |
|---|---|
| क)उपप्रमुख वा निजले तोकेको कार्यपालिका सदस्य- | अध्यक्ष |
| ख) प्रमुख उपप्रमुखले तोकेको कार्यपालिका सदस्य/महिला सदस्य- | सदस्य |
| ग) शिक्षा शाखा प्रमुख - | सदस्य |
| घ) स्वास्थ्य शाखा प्रमुख- | सदस्य |
| ङ) बन्दिपुर अस्पतालको प्रमुख- | सदस्य |

च) प्रहरी कार्यालयको प्रमुख सदस्य

छ) गाउँपालिका भित्रका माध्यमिक विधालयको प्रधानाध्यापक वा शिक्षक् १जना — सदस्य

ज) बाल अधिकारको क्षेत्रमा कार्यानुभाव भएका व्यक्ति मध्यबाट प्रमुख उपप्रमुखले मनोनयग गरिएको १ जना सदस्य

झ) महिला बिकास सहाकारी संस्थाको प्रतिनिधि १ सदस्य

ञ) बाल अधिकारको क्षेत्रमा क्रियाशील गै.स.स प्रतिनिधि १ जना सदस्य

ट) बाल मनोविज्ञ वा बाल न्यायका क्षेत्रमा काम गर्ने अधिवक्ता - सदस्य

ठ) बालबालिका सम्बधि शाखा हेर्ने कर्मचारी सदस्य

ठ) बाल संजाल/बालसमुहको अध्यक्ष सहित २जना(बालक र बालिका)- सदस्य

ड) बाल कल्यण अधिकारी- — सदस्य सचिव

(२)मनोनित सदस्यको पदावधि ५ वर्षको हुनेछ र खण्ड ज बमोजिम सदस्यमा मनोनयन हुनका लागी भ्रष्टचार ,जवरजस्ती करणी ,मानव बेचबिखन तथा ओसारपसार ,लागुऔषध बिक्रि वितरण तथा ओसारपसार ,सम्पति शुद्धिकरण ,राहादानी दुरुपयोग,अपहरण सम्बन्धी कसुर ,संगठित अपराध ,बालबलिका विरुद्धको कसुर बालअधिकार हनन् वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय नपाएको व्यक्ति हुनुपर्नेछ ।

## ४. गाउँ बालअधिकार समितिको काम ,कर्तव्य र अधिकार

(१) दफा ३ बमोजिम गठन हुने गाउँ बालअधिकार समितिको काम ,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) समितिको दिर्घकालिन नीति ,योजना र वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा गर्ने ,

ख) बालबालिकाको अधिकारको सम्मान ,संरक्षण,प्रवर्धन र परिपुर्तिको लागि आवशयक स्थानीय नीति ,कानून ,योजना ,कार्यक्रम र सस्थागत संयन्त्रको व्यवस्था गर्ने,

ग) गाउँपालिकामा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन ,मुल्याङ्कन तथा सुझाव दिने।

घ) बालअधिकार सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी नेपाल सरकार ,प्रदेश सरकार,अन्य स्थानिय तह र अन्य सरोकारवाल निकायहरुसंग समन्वय तथा सहकार्य गर्ने ।

ङ) नेपाल पक्ष रहिका बालअधिकार सम्बन्धी अन्तराष्ट्रिय, क्षेत्रीय सन्धीसंग सम्बन्धित पालिका स्तरीय आवधिक प्रतिविदन तयार गर्न सहजीकण गर्ने ।

च) गाउँपालिकाभित्र हुन सक्ने बालविवाह,बालश्रम,शारीरिक तथा मानसिक पीडा तथा बाल यौनदुरव्यवहार,जस्ता सबै किसिमको बाल हिंसाको रोकथाम ,निषेध र नियन्त्रण तथा सडक बालबालिकाको उद्धार ,पुनरस्थापना ,संरक्षण र व्यवस्थापन जस्ता कार्य समन्वय,सहयोग र सहजिकरण गर्ने ।

छ) बालअधिकार संरक्षण तथा प्रर्वधन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गराउने ।

ज) बालबालिका सम्बन्धी प्रतिबेदन तयार गरी मन्त्रालय ,प्रदेश मन्त्रलय,राष्ट्रिय बालअधिकार परिषद् र सम्बन्धित निकायहरुमा पठाउने।

झ) बालबालिका सम्बन्धि स्थानिय तथ्याङ्क/ विवरण संकलन ,अभिलेखिकरण तथा सूचना प्रणालिको विकास सञ्चालन ,व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने।

ञ) बालसंरक्षण तथा बालअधिकार प्रवर्धनका लागि सञ्चालन हुने राष्ट्रिय /प्रादेशिक र गाउँपालिकाको अभियानमा सहयोग गर्ने ।

ट) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्नपुत्री लिने दिने कार्यलाई व्यवस्थित गर्न सहजिकरण गर्ने।

ठ) गाउँपालिका भित्र सञ्चालित बालगृह ,बालसुधर गृह, ,अस्थाई संरक्षण केन्द्र पुनस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्रहरु, प्रचलित कानून तथा मापदण्ड बमोजिम सञ्चालन हुन नसकेका अवस्थामा सुधारका लागी निर्देशन दिने। निर्देशन पालना नगरेमा बन्द तथा कारबाही गर्न सुझावसहित सम्वन्धित निकायमा सिफारिस गर्ने ।

ड) गाउँपालिका भित्र सञ्चालित बालगृह ,बालसुधर गृह, ,अस्थाई संरक्षण केन्द्र पुनस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्र लगाएतमा अश्रित बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभाकारीताका सम्बन्धमा देहायको बुँदाहरुमा  अनुगमग टोली /समिति गठन गरी अनुगमन गर्ने /गराउने।

१.)बालबालिकाहरुको वैयक्तिक विवरण अद्यावधिक गरी राखिको छ छैन ,

२.)बालबालिकालाई नियमित रुपमा शिक्षा तथा तालिम प्रदान गरिको छ वा छैन,

३).बालसमुह गठन गरी बालबालिकालाई खेलकुद,मनोरञ्जन तथा सास्कृतिक कार्यक्रम लगायतका बालसहभागिताजस्ता अन्य क्रियाकलापमा संलग्न गराईएको छ वा छैन,

४.)बालबालिका ऐन,प्रचलित कानून तथा मापदण्ड बमोजिमको सुविधा प्रदान गरिएको छ वा छैन,

५).बालगृह,बालसुधार गृह,अस्थायी संरक्षण सेवा केन्द्र,पुनरस्थापना केन्द्र तथा सामाजिकीकरणको केन्द्रमा कुनै अवाञ्छित कार्य भएको छ छैन,

६).उपखण्ड(५)मा उल्लेखित गृह र केद्रमा बालमैत्री व्यवहार तथा वातवरण कायम गरिएको छ वा छैन,

७).बालगृहमामा अश्रित बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्थाको प्राथामिकता अनुसार अन्तिम विकल्पको रुपमा बालकल्याण अधिकारीबाट व्यवस्था मिलाई राखिएको छ वा छैन,

८).उपलब्ध श्रोत,साधनलाई मध्यनजर गरी बालबालिकाको सर्वोत्तम हितलाई ध्या दिएको छ वा छैन,

९).बालसंरक्षण  मापदण्ड निर्माण गरी लागु गरिएको छ वा छैन,

१०).तोकिए बमोजिमका अन्य अन्य कार्य गर्ने।

## परिच्छेद (३)

## वडा बाल अधिकार समिति गठन

**५. वडा वालअधिकार समितिको गठनः** गाउँपालिकामा प्रत्येक वडाभित्र देहायबमोजिमको वडा बाल अधिकार समिति रहनेछः

क) वडाअध्यक्ष/ अध्यक्षले तोकेको व्यक्ति - अध्यक्ष

ख) वडा महिला सदास्य - सदस्य

ग) वडाभित्रको स्वास्थ्य संस्था प्रमुख/प्रतिनिधि - सदस्य

घ) वडाभित्रका सामुदायिक वा संस्थागत विद्यालयहरु मध्यबाट वडाअध्यक्षले तोकेको एकजना प्रधानाध्यापक - सदस्य

ङ) बालबालिकाको क्षेत्रमा क्रियाशिल वडाभित्रका गै.स.स बाट वडाअध्यक्षले तोकेको व्यक्ति - सदस्य

च) महिला संस्था /वडा महिला सञ्जाल प्रतिनिधि- - सदस्य

छ) वडा बालससञ्जाल प्रतिनिधि — - सदस्य

ज) बालअधिकारको क्षेत्रमा कार्याअनुभव भएको वडाध्यक्षले तोकोको व्यक्ति - सदस्य

झ) वडा सचिव - सदस्य सचिव

**६. वडा बालअधिकार समितिको काम,कर्तव्य र अधिकारः**

क) बालअधिकारको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान,योजना तर्जुमा गर्नेर कार्यक्रम कार्यन्वयन गर्ने गराउने,

ख) वडाभित्र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तथ्यङ्क संकलन अद्यावधि गर्ने, गराउने र बाल अधिकार समिति समक्ष पठाउने।

ग) वडभित्रका बालअधिकारका क्षेत्रमा कार्यरत संघ —संस्था बालसमुह लगायतका सरोकारवालाबिच आवश्यक समन्वय र सहकार्य गरी बालअधिकार सम्बन्धी संरक्षणात्मक त प्रर्वधनात्मक कार्यहरु गर्ने ,गराउने।

घ) बाल अधिकारका क्षेत्रमा स्थानीय संघसंस्थालाई कार्य गर्न उत्प्रेरित गर्ने ।

ङ) जोखिममा परेका बालबालिकाहरुको तत्काल उद्धारका लागि स्थानिय बाल अधिकार समिति र सम्बन्धित निकायसंग समन्वय गर्ने ।

च) वडाभित्रका अधिकार हननका घटनाका सम्बन्धमा सम्वन्धत निकायसंग समन्वयकारी भूमिका निर्वाह गर्ने।

छ) आवश्यकता अनुसार बालबलिकाको निमित्त अकास्मिक कोषको व्यवस्था मिलाउने।

ञ) बालअधिकारको सम्मान ,संरक्षणमा र प्रवर्धनका लागि वकालत गर्ने,र वडासमितिलाई बालअधिकारका क्षेत्रमा आवश्यक सुझाव दिने ।

झ) वडाभित्र बालबालिकाका सम्बन्धमा भएगरिका कार्यक्रमहरुको अनुगमन गर्ने, प्रतिवेदन तयार गर्ने र गाउँ बालअधिकार समिति समक्ष पठाउने ।

ञ) तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने।

**परिच्छेद (४)**

**बैठक सञ्चालन**

**७. गाउँ बालअधिकार समिति / स्थानीय बालअधिकार समितिको वैठक सम्वन्धी कार्यविधिः** गाउँ बालअधिकार समिति र स्थानिय बालअधिकार समितिको वैठक सम्वन्धी कार्यविधि देहाय बमोजिम निर्धारण गरिएको छ-

क) समितिको वैठक कम्तिमा वर्षको चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा वस्नेछ।

ख) अध्यक्षको निर्देशनमा समितिको वैठक सदस्य सचिवले बोलाउनेछ ।

ग) सदस्य सचिवले समितिको वैठक वस्ने सुचना र वैठकमा छलफल हुने विषयहरुको सूचि सहित दुई दिन अगाडि समिलतकस सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

घ) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको वैठकको लागी गणपुरक संख्या पुगेको मानिनेछ ।

ङ) समितको वैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफुमध्यबाट छानेको सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।

च) समितिको वैठकको निर्णय समितिको अध्यक्षद्धरा प्रमाणित हुनेछ ।

छ) समितिको वैठक तथा सञ्चालन खर्च बन्दीपुर गाउपालिकाको नियमानुसार हुनेछ ।

ज) वैठक सम्वन्धि अन्य कार्यविधि समिति आफैले निर्धारण गरेवमोजिम हुनेछ ।

झ) समितिको वैठकमा आवश्यकता अनुसार विषयसंग सम्वन्धित व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

**८. उपसमिति वा कार्यटोली गठन गर्न सक्ने-**

१) स्थानिय समितिले आफुले गर्नुपर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नका लागि आवश्यकता अनुसार उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ ।

२) उपदफा १) अनुसार गठन हुने उपसमिति वा कार्यटोलिको काम कर्तव्य र अधिकार कार्यप्रकृति अनुसार खटिए वा काम गरेवापत टोली वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवा सुविधा तथा अन्य कार्यविधि गाउँपालिकाको प्रचिलत नियमानुसार समितिले तोकेवमोजिम हुनेछ ।

## परिच्छेद (५)

## विविध

९. **विविधः** बालकल्याण अधिकारिको काम,कर्तव्य र अधिकार

क) बालबालिकाको हकहितको संरक्षण तथा बालकल्यण सम्वन्धी गाउँस्तरीय योजना तथा कार्यक्रम तर्जुमा गर्न स्थानीय बालअधिकार समितिलाई सहयोग गर्ने,

ख) स्थानीय बालअधिकार समितिको निर्णय एवम् निर्देशनहरु कार्यन्वयन गर्ने,गराउने,

ग) स्थानीय बालअधिकार समितिबाट प्रत्यायोजित एवं निर्देशित अन्य काम गर्ने गराउने

घ) स्थानीय बालअधिकार समितिको सदस्यसचिव भै काम गर्ने ।

**आज्ञाले**

**राम दत्त भट्ट**

**प्रमुख प्रशासकीय अधिकृत**